धनगढीमाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा

प्रदेश नं. २, नेपाल

शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७६।०५।०५

यस कार्यालयको चालु आ.ब. २०७६।७७ अवधी भरका लागि तपसिल बमोजिमका मसलन्द, टोनर कम्प्यूटर, छपाई तथा ईलेक्ट्रीकल्स सामानहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त फर्म वा ब्यबसायीहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिनभित्र रित पुर्वकको दरभाउपत्र आह्वान गरिन्छ ।

क्र.सं.	दरभाउ पत्रको शिर्षक	दरभाउ पत्र फाराम दस्तुर	दरभाउ पत्र दर्ता गराउने अन्तिम मिति
१	स्टेस्नरी तथा मसलन्द सम्बन्धी	१०००.००	२०७६।०५।२० दिनको १२ बजे सम्म
२	छपाई सम्बन्धी	१०००.००	
३	टोनर कर्टीज तथा कम्प्यूटर सम्बन्धी	१०००.००	
४	ईलेक्ट्रीकल्स सम्बन्धी	१०००.००	
५	Flex Print	१०००.००	

१. दरभाउ पत्र फारम साथ दरभाउ पत्र दस्तुर वापतको रकम यस कार्यालयको नाममा रा.बा.बैंक लहानमा रहेको खाता नं. २२६०३०४०१८१०२ मा दाखिला गरेको सक्कल भौचार पेश गरि वा यस नगरपालिकाको राजश्व शाखामा दाखिला गरि खरिद गर्न सकिने छ । निबेदनको साथमा मुल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणिपत्र पत्रको प्रतिलिपी साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पन्धौं दिन (सो दिन सार्वजानिक विदा परेमा त्यसको भोली पल्ट वा लगतै कार्यालय खोलेको दिन) कार्यालय समय भित्र उपलब्ध हुने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६ औं (साहौं) दिनको दिउँसो १२ बजे (सो दिन सार्वजानिक विदा परेमा त्यसको भोली पल्ट वा लगतै कार्यालय खोलेको दिन दिउँसो १२:०० बजे) भित्र यस धनगढीमाई नगरपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. प्रत्येक समूहको लागि छुट्टा छुट्टै दरभाउ पत्र भरि पेश गर्नु पर्नेछ । एउटा फर्म वा कम्पनीले एक भन्दा बढि समूहको लागि दरभाउ पत्र भरि पेश गर्न सक्नेछ ।

४. सिलबन्दी दरभाउँ पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधी आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलबन्दी दरभाउँपत्र सूचना प्रकाशित भएको मितिले १६ औं (साहौं) दिनको दिउँसो १२: ०० बजे (सो दिन सार्वजानिक विदा परेमा त्यसको भोली पल्ट लगतै कार्यालय खोलेको दिनको दिउँसो १२:०० बजे) भित्र प्राप्त भईसक्नु पर्नेछ ।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी सुचना प्रकाशन भएको १६ औं (सोहौं) दिनमा यस नगरपालिकाको कार्यालय धनगढी, सिरहामा दिउँसो २:०० कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउ पत्र खरिद गर्ने दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजानिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन खोलिनेछ ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउँपत्र उपर कुनै कारवाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. अन्य शर्तहरु नेपाल सरकारले सार्वजानिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

११. दरभाउ पत्र सम्बन्धि सुचना संशोधन भएमा यस कार्यालयको website मा तथा सुचना पाटीमा मार्फत टाँस गरिने छ ।

१२.दरभाउ सम्बन्धी थप जानकारी नगरपालिकाको जिन्सी उपशाखामा सम्पर्क गर्न सकिने छ ।